राष्ट्र हित ! उद्योग हित !! श्रमिक हित !!!

Regd No. 25 /080/081

# राष्ट्रिय श्रमिक महासंघ नेपाल

गौरीघाट, काठमाडौं
फोन नं.: ९८५५०२०२८८
Email: rashtriyashramikm@gmail.com

मिति : २०८२ ०५ २४

## प्रेस विज्ञप्ति

सामाजिक सञ्जालमाथि लगाएको प्रतिबन्ध, भ्रष्टाचार एवं अत्याचारका विरुद्धमा हिजो सो मबार नेपालका विभिन्न स्थानहरुमा विशेषगरी काठमाडौंमा भएको युवा-विद्यार्थी(Genz) आन्दोलनमा सरकारले देखाएको कठोर तथा अमानवीय व्यवहार प्रति राष्ट्रिय श्रमिक महासंघ नेपाल घोर आपत्ति प्रकट गर्दछ ।

शान्तिपूर्ण आन्दोलनलाई व्यवस्थित गर्न नसक्नु लोकतन्त्रको हत्या राज्यको अदूरदर्शिता, अपरिपक्ता र असंवेदनशील व्यवहारका कारण प्रहरीको गोली लागि दर्जनौं युवाहरुको मृत्यु हुनु र सयौं युवाहरु घाइते हुनु दुःखद् एवं अकल्पनीय घटना हो जुन राज्यको निहिरपनको पराकाष्ठा हो । आन्दोलनमा मृत्युरण गर्ने सम्पूर्ण युवाहरु प्रति राष्ट्रिय श्रमिक महासंघ नेपाल भावपूर्ण श्रद्धाञ्जलि व्यक्त गर्दछ ,परिवारजनमा गहिरो समवेदना तथा घाइतेहरु प्रति शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ ।

यो आन्दोलनका मूल मागहरु सामाजिक सञ्जाल तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, भ्रष्टाचारको अन्त्य पारदर्शी, युवा पुस्ताका लागि रोजगार र अवसरको सिर्जना तथा उत्तरदायी राजनीतिक नेतृत्व स्थापनासंग प्रत्यक्ष रुपमा सम्बन्धित रहेका छन् ।

यस घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कारबाही गर्ने र शान्तिपूर्ण प्रदर्शन दमन नगर्न स्पष्ट प्रतिबद्धता सरकारले गर्नपर्ने राष्ट्रिय श्रमिक महासंघ नेपाल जोडदार माग गर्दछ ।

गोपाल यादव

महासचिव

(राष्ट्रिय श्रमिक महासंघ नेपाल)